# गरे के हुन्न



नेपाली शिक्षक : शान्ता उप्रेती
आधारभूत तह, मेलम्ची घ्याङ्ग मा.वि, हेलम्बु-१, सि.पा.

असम्भव भन्ने कुरा यस दुनीयामा केही छैन । जहाँ इच्छा त्यहाँ उपाय भने झैं कुनै व्यक्तिले केही काम गर्न खोज्यो भने उसले मनमा विभिन्न उपायहरू  उब्जाउन सक्छ । त्यस कार्यलाई सफल बनाउन ऊ गहिरो चिन्तन गर्दछ । जब उसका मनमा एउटा कुनै उपाय उब्जन्छ उसले त्यसलाई आफ्नो कार्य थलोमा प्रयोग गर्न कोसिस गर्छ । यदि त्यस उपायबाट त्यो सिर्जित कार्य सफल हुन सकेन भने उसले यस्ता कयौं उपायहरूको रचना गर्दै प्रयोग गर्न थाल्दछ । यसरी निरन्तर आफ्नो कार्यमा सफल चिन्तनले लागि परिरहँदा एक दिन पक्कै पनि व्यक्तिले सफलताको शिखर चुम्दछ ।

हो, अहिलेको हाम्रो समाजमा यही सफल कार्यको लागि चिन्तन गर्ने मान्छेको खाँचो छ । मानिसहरू त यस दुनीयामा धेरै छन् तर के गर्ने, अधिकांश मानिसहरू चाहिँ खालि आफ्नो मात्र चिन्तन गर्ने हुन्छन् । सायद म पनि त्यही समूह भित्रको हुँला ! तर पनि केही थोरै प्रतिशतका व्यक्तित्वहरू चाहिँ यस्ता हुन्छन् जसले आफ्नो लागि नभएर अरूको भलो हुने काम गर्दछन् । जुन त्यही थोरै प्रतिशतले यो संसारलाई सुन्दर र उज्यालो पार्न सफल भएका छन् तर  ती प्राप्त सुख सुविधालाई उपयोग गरेर हामी जस्ता कयौं मानिसहरू उप्पर खुट्टी लगाएर गफ चुट्नमै आनन्दीत हुन्छौं कि मैले यस्तो गरें, उस्तो गरें भनेर । तैपनि हामी एक तर्फबाट सामाजिक सेवामा लागेका मानिसहरूले कुराले मात्र हैन कामले मात्र यो समाजलाई सुसज्जित पार्न सकिन्छ भन्ने कुरा बुझ्न आवश्यक छ । गफ गरेको सबैले केही समयसम्म सुन्लान् तर कामले मानिसलाई युगौंयुग, जन्मजन्म चिनाइरहन्छ । अझ यो संसारबाट बिदा लिए पछि पनि उसको असल कार्यको सम्मान भई नै रहन्छ ।

हो, आजको यस समाजमा असल चिन्तनको खाँचो छ । असल विचारको खाँचो छ । आपसी सद्भाव र सहयोगको खाँचो छ । आफ्नो कर्तव्यलाई नभुल्ने व्यक्तिको खाँचो छ । केही गर्ने चाहनाको खाँचो छ । आफूले गरेका कार्यलाई निरन्तरता दिने व्यक्तिको खाँचो छ । त्यसैले हरेक व्यक्तिले आफू को हुँ र कर्तव्य के हो, भन्ने कुरा चिन्न आवश्यक छ । आफ्ना काम र कर्तव्यलाई यस रणभूमिमा उतार्न आवश्यक छ । ती सफल कामकर्तव्यलाई सही क्षेत्रमा प्रयोग गर्न आवश्यक छ ।

हाम्रो जस्तो अविकसित देशमा सारा मानिसहरू त्यसै त दुःख, पिडा र अभावमा रुमल्लिरहेका छन् । त्यहीँ माथि यो विश्वलाई नै कोरोनाको कहरले आक्रान्त पारिरहेको छ । कोरोनाले विश्वका शक्ति राष्ट्रहरूलाई पनि आच्छुआच्छु पारिरहेको वेला हाम्रो जस्तो गरिब देश जहाँ साधारण सिटामोल खान नपाएर मानिसहरूले आफ्नो प्यारो जीवन त्याग्नु परिरहेको छ । कसरी एक पेट खाऊँ र एक झुम्रो लगाएर आङ ढाकूँ ? भने जस्तो कठिन परिस्थिति आइरहेको छ । यस्तो परिस्थितिमा पनि हामीले हाम्रा कर्तव्यलाई भुल्नु राम्रो होइन । यदि हामीले हाम्रो आफ्नो कर्तव्य भुल्यौं भने हामी कहिले पनि एउटा असल सामाजिक प्राणीका रूपमा चिनिदैनौं । त्यसैले हामीसँग जे छ, हामी जे गर्न सक्छौं त्यो हामीले गर्नै पर्छ । यी रोग, महामारी भनेका त यस पकृतिमा आइरहने कुरा हुन् । यस्ता कठिन परिस्थितिहरू एक पछि अर्को आई नै रहन्छन् । यसकारण दुःख पर्‍यो भन्दैमा हामी कसैले पनि हाम्रा

काम व्यावहारलाई त्याग्नु हुन्न । परिस्थितिसँग जुध्दै खेल्दै आफ्ना कार्यलाई निरन्तरता दिनु चाहिँ महान कार्य हो ।

यस विश्वव्यापी कोरोना महामारीले समाजका कुनै एक क्षेत्रलाई मात्र हैन यसले त हाम्रा जुन सुकै क्षेत्रलाई तहसनहस पारिदिएको छ । कोरोनाबाट यो ठाउँ चाहिँ सुरक्षित छ है भन्ने कुरा केही छैन तैपनि मानिसहरूले आफ्ना विभिन्न कार्यहरूलाई निरन्तरता दिनुपर्ने बाध्यता छ ।

शिक्षा क्षेत्र त अत्यन्तै पिडित क्षेत्र हो । हाम्रै देशको कुरा गर्दा पनि लाखौँ बालबालिकाहरू, लाखौँ युवा विद्यार्थीहरू पढ्न नपाएर छटपटिरहेका छन् । कति परीक्षाहरू रोकिएका छन् । कति पठनपाठनहरू रोकिएका छन् । कयौँ सामुदायीक विद्यालयहरूलाई क्वारेन्टाइन बनाइएका छन् । कयौँ क्याम्पसहरू क्वारेन्टाइनका रूपमा प्रयोग गरिएका छन् । यस्तो अवस्थामा “कसरी विद्यालय खोल्ने ?” “कसरी विद्यार्थीहरूलाई विद्यालयमा उपस्थित गराउने ?” यी सारा कुरालाई हेर्दा चक र डस्टर मात्र शिक्षणको साधन हो भन्ने जस्ता कतिपय कमजोर मानसिकता बोकेका कयौँ शिक्षकलाई अहिलेको समय वास्तवमै चुनौतिपूर्ण भएको छ ।

अहिलेको एक्काइसौँ शताब्दीको प्रविधियुक्त समयमा पनि महामारी छ, कहाँ काम गर्न सकिन्छ ? भनेर जनताले तिरेको करबाट प्राप्त तलब भत्ता लिएर चुप लागेर बस्न पनि त राम्रो होइन । यो अवस्थामा चक डस्टर बाहेकका अन्य उपायको पनि खोजी गर्नु उपयुक्त हुन्छ । त्यसैले शिक्षक जस्ता बुज्रुक व्यक्तिहरूले यो समय त शिक्षा क्षेत्रमा प्रविधिको प्रयोग गर्ने अत्यन्तै उपयुक्त समय हो भन्ने ठान्नुपर्छ र आफ्ना बलबुताले भ्याएसम्म सारा विद्यार्थीहरूलाई शिक्षा लिनबाट वञ्चित गराउन हुँदैन । यस कार्यका लागि सबैले आआफ्ना क्षेत्रबाट आफ्ना विद्यार्थीहरूको शिक्षा लिने अधिकारलाई सुनिश्चित गराइदिनुपर्छ । यसका लागि अहिलेका स्थानीय तहहरू, आदरणीय अभिभावकहरू तथा सम्पूर्ण शिक्षासँग सम्बद्ध पक्षहरू सकृयताकासाथ अघि बढ्न आवश्यक छ । यस्ता परिस्थितिमा समाजमा भएका विभिन्न वर्गका जो व्यक्तिहरू आर्थिक हिसाबले केही माथि छन्, उहाँहरूले आर्थिक हिसाबले कमजोर व्यक्तिहरूलाई आफूले सकेको आर्थिक वा अन्य कुनै सहयोग गरी सबैलाई पढ्ने अवसर जुटाउने प्रयास गर्नुपर्छ जसले गर्दा शिक्षा प्राप्त गर्न सबै सफल हुन सकून् । सबैको साथ र सहयोगले मात्र यो कार्य सफल हुन सम्भव छ ।

अहिलेको कोरोनाको कहरबाट गुज्रिरहेको यस वातावरणलाई मध्य नजर गरेर विद्यार्थीहरूको पठनपाठन गर्न पाउनु पर्ने अधिकारलाई सुनिश्चित गर्दै हाम्रो मेलम्ची घ्याङ्ग माध्यमिक विद्यालयले अनलाइन शिक्षा प्रदान गर्दै आइरहेको छ । यस कार्यमा औषत प्रतिशतमा हेर्दा लगभग ९०% प्रतिशतभन्दा माथि विद्यार्थीहरूको उपस्थिति देख्दा वास्तवमा खाने मुखलाई जुँगाले छेक्दैन भन्ने उखान चरितार्थ भए झैँ लाग्छ । यहाँ उपस्थित हुने सबै विद्यार्थी भाइबहिनीहरू आर्थिक रूपले सम्पन्न हुन् त ? अवश्य पनि होइन । प्राय सामान्य दु:ख जिलो गरी आफ्नो परिवारको जीविका चलाउने परिवारबाट आएका छन् । केही विद्यार्थीहरू भने अत्यन्त गरिब एवम् असाहाय परिवारबाट आएका छन् । ती गरिब एवम् असाहाय परिवारबाट आएका विद्यार्थीहरूलाई भने विद्यालयको तर्फबाट विभिन्न सहयोगी मनलाई अनुरोध गरेर उनीहरूको पठनपाठनलाई सहयोग गरिएको छ । यसैगरी आफ्नो घरमा WIFI तथा अन्य इन्टरनेट सुबिधा नभएकालाई नेपाल टेलिकमबाट सस्तो दरमा शैक्षिक डाटा प्याकेज लिने व्यवस्था मिलाइएको छ । यी सम्पूर्ण कार्य गरेर सहज शैक्षिक वातावरण सिर्जना गर्न हाम्रा विद्यालयका प्रधानाध्यापक श्री पूर्ण बहादुर गौतम ज्यू हरबखत लागिपरिरहनु भएको छ । उहाँको यस अतुलनीय योगदान, साथ सहयोग र अथक प्रयासले यो कार्य सफल भइरहेको छन् । उहाँ जस्तै कतिपय विद्यालय हाँक्दै रहनु

भएका प्रधानाध्यापक ज्यूहरू जो जुन कार्य गर्न पनि सकिँदैन भन्नेहरू हुनुहुन्छ उहाँहरूका लागि हामीले चाह्यौं भने इच्छा शक्ति देखायौं भने काम गर्न सकिन्छ भन्ने गतिलो उदाहरण हुनुहुन्छ । उहाँकै इच्छा शक्ति र प्रेरणाले हामी सहकर्मी शिक्षकहरू सकृयतापूर्वक आआफ्नो क्षमता प्रदर्शन गर्न पाएका छौँ ।

विद्यालयको यस प्रविधिमैत्री शिक्षण कार्यलाई साथ दिन हामी सम्पूर्ण शिक्षकहरूको समूह हरतरहले लागि परिरहेका छौँ । हामी सबै शिक्षकले आफ्नो कर्तव्य बुझेका छौँ । त्यसैले त हामी हाम्रो कार्य सफल पार्न समयलाई सधैं ख्याल गर्ने गर्छौं । हामीलाई थाहा छ कि हाम्रा विद्यार्थी भाइबहिनीहरूको भविष्य सुनिश्चित हुनुपर्छ । यी सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूले गुणस्तरयुक्त शिक्षा प्राप्त गर्न सके भने उनीहरूको भविष्य सुनिश्चित हुन्छ । असल र गुणस्तरयुक्त शिक्षा प्राप्त गर्न सके उनीहरू भविष्यका महान व्यक्ति बनेर यस देशको सेवा गर्न सक्छन् । असल र गुणस्तरयुक्त शिक्षा प्राप्त गर्न सके उनीहरू विश्वको जुनसुकै कुनामा गएर पनि आफ्नो क्षमता देखाएर सहज ढङ्गले जीवन जिउन सक्छन् । हामीलाई आफ्ना विद्यार्थी राष्ट्रको कुनै महान व्यक्ति बनेको देख्न पाइयोस् भन्ने ईच्छा छ । हामीलाई आफ्ना विद्यार्थी संसार कै कुनै योग्य व्यक्ति बनेर काम गर्न सकेको हेर्ने ईच्छा छ ।

हाम्रो यस उद्यत चाहनालाई प्रविधिको क्षेत्रबाट सफल पार्न अन्तरमनदेखि निस्वार्थ सहयोग गर्नुहुने यसै विद्यालयका पूर्व शिक्षक तथा वर्तमान प्रविधिमैत्री शिक्षक समाजका केन्द्रिय सचिव आदरणीय गुरु श्री हरिहर दाहाल प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौँ । उहाँले रातदिन, भोकतिर्खा नभनी हामी शिक्षकहरूलाई दक्ष बनाउन विशेष सहयोग गर्नु भएको छ । उहाँको साथ र प्रेरणाले पनि हामीले हाम्रो शैक्षिक गतिविधिलाई अघि बढाउन सफल भएका छौँ ।

अहिले यस कोरोनाको महामारीले गर्दा देशमा बन्दाबन्दीको अवस्था सिर्जना भएको पनि चार महिनाभन्दा बढी भइसक्यो । अब यस्तो अवस्थामा कसरी पढाइ सञ्चालन गर्न सम्भव हुन्छ र ? कोरोना महामारी फैलिरहेको छ भन्ने सोचाइ भएकाहरूले अब त केही पाठ सिक्ने कि ? चक डस्टर बाहेक पनि सिकाइ हुन्छ, शिक्षण क्रियाकलाप अगाडि बढाउन सकिने रहेछ भनेर । यसको अर्थ यो होइन कि कसैलाई होच्याउने र तल पार्ने । सम्पूर्ण शिक्षक वर्ग जो अहिले पनि के गर्ने ?कसो गर्ने ? भनेर अलमलमा परिहनु भएको छ, भने आँट हिम्मत गरेर प्रविधिको प्रयोग गर्दै शिक्षण कार्यलाई अघि बढाउनुहोस् । अवश्य पनि सफल हुनुहुनेछ । काम गर्ने चाहना हुँदा सम्भव नहुने के नै छ र ?